नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

पत्र संख्या : २०८३।८४

चलानी नं.: प्रेस नोट नं. ३

सिंहदरबार, काठमाडौं

<u>प्रेस नोट</u>

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको उपस्थिति र आयोगका माननीय सदस्य डा. देवेन्द्र गौचनको अध्यक्षतामा खाद्य प्रणाली रूपान्तरणको लागि समन्वय र सहजीकरण समितिको बैठक सम्पन्न भएको छ ।

बैठकमा खाद्य प्रणाली रूपान्तरण रणनीतिक योजनाको कार्यान्वयनको अवस्था र प्रगतिको प्रस्तुति भएको थियो। त्यसैगरी खाद्य सुरक्षा, खाद्य सम्प्रभूताका क्षेत्रमा विभिन्न निकाय र तहबाट भएका प्रयास र असल अभ्यासको सम्बन्धमा समीक्षा गरिएको थियो। बैठकको छलफल खाद्य प्रणाली रूपान्तरणका क्षेत्रमा गरिएको प्रयास र लगानीलाई एकीकृत गर्दै, खाद्य प्रणाली रूपान्तरण बहु आयामिक विषय रहेकोले समन्वयात्मक प्रयासले मात्र लक्ष्य प्राप्त हुने हुँदा खाद्य प्रणाली सुशासन कायम गर्दै आम नागरिकको मौलिक अधिकारको सुनिश्चितता गर्ने विषयमा केन्द्रित रहेको थियो।

बैठकले खाद्य प्रणाली रूपान्तरण दिगो विकास लक्ष्यको प्राप्ति, मध्यम आयमा स्तरोन्नती तथा राष्ट्रिय समृद्धिको समेत अभिन्न अङ्ग भएकाले प्राथमिकताका साथ कार्यान्वयन गर्दै लैजाने, खाद्य बस्तुको अन्तर निर्भरताले गर्दा खाद्य सुरक्षा राष्ट्रिय तथा अन्तरराष्ट्रिय महत्त्व र राष्ट्रिय सुरक्षाको समेत महत्त्वपूर्ण पक्ष रहेकाले समतामूलक, उत्थानशील र दिगो खाद्य प्रणाली उन्मुख नेपाल निर्माण गर्न सबै मन्त्रालय/तह/निकायले रणनीतिक योजनाको स्थानीयकरण गरी कार्यान्वयन गर्दै प्रकृति मैत्री खेती प्रणाली अवलम्बन गर्ने, रैथाने पोषण युक्त खाद्यान्नको उपभोग बढाई खाद्य सुरक्षा कायम गर्ने, सम्भावित विपद्को समयमा समेत खाद्यान्नमा पहुँच र उपभोगलाई निरन्तरताको सुनिश्चितताको लागि साझा प्रयास गर्ने लगायतका निर्णय गरेको छ ।

बैठकमा संघीय सरकारका विषयगत मन्त्रालय, प्रदेश सरकारका कृषि मन्त्रालय, नेपाल नगरपालिका संघ, उद्योग वाणिज्य महासंघ नेपाल, गैर सरकारी संस्था महासंघ, राष्ट्रिय कृषक समूह महासंघ, नेपाल कृषि अनुसन्धान परिषद्, खाद्य तथा कृषि संगठन नेपाल, विश्व खाद्य संगठन नेपाल तथा विषय विज्ञ समेतको उपस्थिति रहेको थियो।

(विष्णु प्र. सापकोटा)
कार्यक्रम निर्देशक एवम् सूचना अधिकारी

११ श्रावण, २०८३

फोन नं.: ०१-४२११०३२, ४२११९३२, ४२११००४, ईमेल : npc@npc.gov.np, वेब : www.npc.gov.np